# आर्थिक वर्ष २०७६।७७ तेस्रो त्रैमासिकको राष्ट्रिय लेखा तथ्याङ्क

१) अर्थतन्त्रका विविध पक्षहरुसँग सम्बन्धित आर्थिक सूचकहरु लगानी (Investment), उपभोग (Consumption), बचत (Saving) आदिमा बारम्बार परिवर्तन भइरहन्छन् । यसरी अर्थतन्त्रको बिभिन्न आर्थिक सूचकहरुमा आएको परिवर्तनलाई समावेश गरी अन्तर्राष्ट्रिय मापदण्ड तथा सिद्धान्तमा आधारित रही राष्ट्रिय लेखा तथ्याङ्क अनुमान गरी त्रैमासिक रुपमा सार्वजनिकीकरण गरिन्छ । सोहि अनुरुप केन्द्रीय तथ्याङ्क विभागले पनि प्रकाशनको कार्यलाई निरन्तरता दिंदै आ.व.२०७६।७७ को तेस्रो त्रैमासिक कुल ग्राहस्थ्य उत्पादनको अनुमान प्रकाशित गरेको छ ।

२) सार्वजनिकीकरण (Dissemination) सम्वन्धी विभागीय नीतिः

त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क हरेक त्रैमासिक अन्त भएको ९० दिन भित्रमा सार्वजनिक गर्ने नीति रहेको छ। श्रोत तथ्याङ्क समयमै उपलब्ध हुन सकेमा त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क उत्पादन लगायत अन्य समष्टिगत आर्थिक परिसूचकको अनुमान कम समयको अन्तरालमा पनि प्रकाशन गर्न सकिनेछ।

३) त्रैमासिक लेखा तथ्याङ्कको वृद्धि दरहरुको मौसमी प्रभाव सहितका आंकडाहरु (Seasonally Unadjusted Estimates) अघिल्लो वर्षको सोही त्रैमासिकसँग मात्र तुलना गरी प्रस्तुत गरिएका छ भने मौसमी प्रभाव सहितका आंकडाहरु (Seasonally Adjusted Estimates) अघिल्ला त्रैमासिकसँग मात्र तुलना गरी प्रस्तुत गरिएका छन् ।

४) मुख्य सारांश (Key Findings)


क) मौसमी प्रभाव असमायोजित त्रैमासिक कुल गार्हस्थ उत्पादन (Seasonally Unadjusted Quarterly GDP) आधारभूत मूल्यमा अघिल्लो आर्थिक वर्षको तेस्रो त्रैमासिकको तुलनामा चालु आर्थिक वर्षको तेस्रो त्रैमासिकमा वस्तु तथा सेवाको उत्पादनमा ०.८ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी मौसमी प्रभाव समायोजित त्रैमासिक कुल गार्हस्थ उत्पादन (Seasonally Adjusted Quarterly GDP ) आधारभूत मूल्यमा यस आर्थिक वर्षको दोस्रो त्रैमासिकको तुलनामा तेस्रो त्रैमासिकमा वस्तु तथा सेवाको उत्पादनमा २.७२ प्रतिशतले कमी हुने प्रारम्भिक अनुमान गरिएको छ ।

ख) विश्वव्यापी महामारीको रुपमा देखा परेको COVID 19 संक्रमणलाई रोकथाम गर्न गरिएको प्रयासको कारण यस त्रैमासिकमा अपेक्षित आर्थिक बृद्धि हुन सकेन । तथापि यस वर्ष २०७६।७७ को तेस्रो त्रैमासिक र अघिल्लो वर्ष २०७५।७६ को तेस्रो त्रैमासिक तुलना गर्दा (मौसमी असमायोजित तथ्याङ्क), सबै भन्दा बढी आर्थिक वृद्धिदर विद्युत ग्याँस तथा पानी क्षेत्रमा (Electricity Gas and Water) १९.९ प्रतिशत त्यसपछि मत्स्य पालन क्षेत्रमा (Fishing) ७.१ प्रतिशत यातायात गोदाम तथा सञ्चार क्षेत्रमा ६.४ प्रतिशत र सार्वजनिक प्रशासन तथा सुरक्षाको क्षेत्रमा ५.५ प्रतिशतले दृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ । अर्कोतर्फ, औद्योगिक वस्तुको उत्पादनमा १२.१ प्रतिशतले कमी आउने अनुमान गरिएको छ भने होटल तथा रेष्टुरेण्ट, थोक तथा खुद्रा व्यापार र निर्माण क्षेत्रमा क्रमशः ८.६ प्रतिशत, ६.६ प्रतिशत र ६.१ प्रतिशतले गिरावट हुने देखिन्छ ।

ग) यस आर्थिक वर्ष २०७६।७७ को तेस्रो त्रैमासिक अघिल्लो वर्ष २०७५।७६ को तेस्रो त्रैमासिकसँग तुलना गर्दा कृषि तथा वन, माछापालन, विद्युत, ग्याँस तथा पानी, वित्तिय मध्यस्थ्यता, घरजग्गा कारोवार, बहाल तथा व्यवसायिक क्रियाकलाप, शिक्षा, स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रका उत्पादनमा वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ भने खानी तथा उत्खननको क्षेत्रमा आर्थिक बृद्धिदर ऋृणात्मक रहने देखिन्छ ।

घ) मौसमी प्रभाव समायोजित त्रैमासिक कुल गार्हस्थ उत्पादन (Seasonally Adjusted Quarterly GDP ) आधारभूत मूल्यमा यस आर्थिक वर्षको दोस्रो त्रैमासिकको तुलनामा तेस्रो त्रैमासिकमा यातायात गोदाम तथा सञ्चार, अन्य सामाजिक कार्य, सार्वजनिक प्रशासन तथा सुरक्षा, शिक्षा, स्वास्थ्यको क्षेत्रको सेवामा र कृषि उत्पादनमा सामान्य बृद्धि हुने अनुमान गरिएको छ भने औद्योगिक वस्तुको उत्पादनमा, निर्माण, होटल तथा रेष्टुरेण्ट, थोक तथा खुद्रा व्यापार, खानी तथा उत्खनन, विद्युत ग्याँस तथा पानी लगायतका क्षेत्रमा आर्थिक बृद्धि ऋृणात्मक रहने अनुमान गरिएको छ ।

चित्र १. त्रैमासिक कुल ग्राहस्थ्य उत्पादनको वृद्धि दर ( मौसमी प्रभाव असमायोजित, प्रतिशतमा)




चित्र २. औद्योगिक क्षेत्रहरुको उत्पादनको त्रैमासिक आर्थिक वृद्धिदर ( मौसमी प्रभाव असमायोजित प्रतिशतमा)




**Table 1: Periodic Growth Rate of Seasonally UnAdjusted Quarterly GDP by Economic Activities (at basic Price , 2000/01)**

In percentage

| | Industrial Classification | 2074/75 2017/18 | | | | 2075/76 2018/19 | | | | 2076/77 2019/20 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 |
| A | Agriculture and forestry | 1.7 | 3.4 | 1.2 | 4.0 | 6.7 | 5.7 | 4.5 | 3.5 | 2.4 | 2.6 | 2.6 |
| B | Fishing | 7.7 | 7.7 | 7.3 | 6.7 | 5.9 | 5.3 | 5.6 | 6.2 | 7.2 | 7.9 | 7.1 |
| C | Mining and quarrying | -11.6 | 14.9 | 2.6 | 29.7 | 7.8 | 14.7 | 5.4 | 9.6 | 10.1 | 6.7 | -2.9 |
| D | Manufacturing | 12.9 | 7.3 | 7.4 | 9.7 | 6.2 | 6.1 | 8.4 | 6.4 | 6.5 | 7.9 | -12.1 |
| E | Electricity gas and water | 23.8 | 2.8 | -1.9 | 9.1 | 7.7 | 2.9 | 13.1 | 13.8 | 17.7 | 33.0 | 19.9 |
| F | Construction | -10.6 | 17.0 | 4.0 | 29.6 | 5.1 | 14.6 | 7.1 | 8.0 | 10.2 | 3.8 | -6.1 |
| G | Wholesale and retail trade | 3.0 | 7.8 | 18.6 | 14.6 | 21.1 | 17.4 | 2.1 | 7.5 | 5.7 | -5.0 | -6.6 |
| H | Hotels and restaurants | 4.6 | 10.8 | 10.6 | 13.1 | 11.1 | 13.9 | 2.7 | 4.6 | 1.7 | 5.0 | -8.6 |
| I | Transport, storage and communications | 4.7 | 3.7 | 4.6 | 5.5 | 4.7 | 6.9 | 7.2 | 4.9 | 4.6 | 5.9 | 6.4 |
| J | Financial intermediation | 5.0 | 5.3 | 16.1 | -0.1 | 8.6 | 2.1 | 7.4 | 6.6 | 6.5 | 5.6 | 4.1 |
| K | Real estate, renting and business activities | 3.4 | 6.7 | 7.8 | 3.2 | 6.9 | 3.8 | 8.2 | 5.7 | 5.2 | 6.5 | 3.5 |
| L | Public administration and defence | 4.8 | 7.7 | 0.3 | 7.4 | 7.9 | 1.5 | 9.1 | 4.0 | 7.4 | 8.4 | 5.5 |
| M | Education | 4.8 | 7.7 | 0.3 | 7.4 | 7.9 | 1.5 | 9.1 | 4.0 | 6.7 | 7.8 | 5.0 |
| N | Health and social work | 5.0 | 8.9 | 2.0 | 9.4 | 9.6 | 2.8 | 10.2 | 4.8 | 7.8 | 8.5 | 5.3 |
| O | Other community, social and personal service activities | 3.7 | 8.1 | 1.5 | 8.8 | 8.8 | 1.9 | 9.1 | 3.6 | 6.5 | 7.3 | 4.4 |
| | Quartely Gross Domestic Product | 3.4 | 6.1 | 5.5 | 8.0 | 8.5 | 7.0 | 6.2 | 5.2 | 5.4 | 4.2 | 0.8 |

*NSIC categories P and Q are included in category O*

**Table 2: Seasonally Adjusted Growth Rate of Quartely GDP by Economic Activities (at basic Price , 2000/01**

In percentage

| | Industrial Classification | 2074/75 2017/18 | | | | 2075/76 2018/19 | | | | 2076/77 2019/20 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 |
| A | Agriculture and forestry | -0.97 | 0.96 | -0.13 | 4.43 | 0.85 | 0.50 | 0.79 | 1.42 | 0.04 | 0.46 | 0.53 |
| B | Fishing | 2.30 | 1.67 | 1.28 | 1.69 | 2.01 | 1.29 | 0.20 | 0.20 | 0.13 | -0.27 | -0.40 |
| C | Mining and quarrying | 6.75 | -4.92 | -5.05 | 319.84 | -81.28 | -8.25 | 66.73 | 5.18 | 9.14 | 12.28 | -9.21 |
| D | Manufacturing | 6.57 | 0.83 | -0.22 | 2.66 | 2.14 | 1.07 | 2.93 | 0.41 | 0.81 | 2.68 | -16.30 |
| E | Electricity gas and water | 3.17 | -3.61 | -1.64 | 11.68 | 0.53 | -5.97 | 8.03 | 11.41 | 3.10 | 7.97 | -2.68 |
| F | Construction | 21.82 | 3.17 | -2.13 | 6.44 | -3.28 | 10.60 | -3.14 | 4.34 | -1.83 | 2.60 | -13.53 |
| G | Wholesale and retail trade | 3.56 | 4.60 | 7.71 | -1.01 | 4.97 | 3.79 | -2.81 | 2.53 | 0.16 | -3.62 | -5.12 |
| H | Hotels and restaurants | 2.74 | 1.47 | 5.71 | 2.06 | 1.74 | 3.66 | -2.87 | 1.59 | -0.40 | 6.65 | -13.51 |
| I | Transport, storage and communications | 1.83 | -0.29 | 1.00 | 3.04 | 0.97 | 1.65 | 1.23 | 1.03 | 0.67 | 2.84 | 1.60 |
| J | Financial intermediation | 0.02 | 5.77 | 4.14 | -11.33 | 14.58 | 2.70 | 6.36 | -4.00 | 2.18 | 0.61 | -2.94 |
| K | Real estate, renting and business activities | 3.93 | 1.17 | 0.03 | -0.77 | 6.16 | -2.01 | 0.07 | 0.59 | 5.07 | 0.14 | 0.20 |
| L | Public administration and defence | -0.26 | 7.29 | -4.34 | 5.13 | 0.00 | 0.76 | 3.03 | 0.28 | 3.30 | 1.38 | 0.43 |
| M | Education | -0.01 | 7.89 | -4.36 | 4.97 | -0.45 | 1.11 | 2.70 | -0.03 | 2.89 | 1.80 | 0.24 |
| N | Health and social work | 0.09 | 8.25 | -4.08 | 5.50 | 0.00 | 1.60 | 2.92 | 0.16 | 2.94 | 1.97 | 0.18 |
| O | Other community, social and personal service activities | 0.23 | 7.40 | -3.71 | 5.45 | -0.24 | 0.50 | 3.11 | 0.30 | 2.54 | 0.86 | 0.60 |
| | Quartely Gross Domestic Product | 2.37 | 2.58 | 0.58 | 3.73 | 0.83 | 1.59 | 0.94 | 1.38 | 1.05 | 0.86 | -2.72 |

*NSIC categories P and Q are included in category O*